# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प.सं. :- २०८२।०८३
च.नं. :- १५८४

मितिः- २०८३।०१।२१
ने.सं. ११४६,बछलागा ३,सोमबार।

**विषयः- निःशुल्क मनोसामाजिक परामर्श सेवा सम्बन्धी सूचना।**

श्री सरोकारवाला सबै,
धर्मदेवी नगरपालिका, सङ्खुवासभा ।

प्रस्तुत विषयमा वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानु भएका कामदार र निजको परिवारमा वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति, निजहरुको परिवार तथा समुदायलाई लक्षित गरी यस नगरपालिकाले तपशिलका समस्या भएका व्यक्तिहरुलाई निःशुल्क परामर्श सेवा दिईरहेको बेहोरा सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराईन्छ।

तपशिलः
१.आपसी मनमुटाव, पारिवारिक कलह वा सामाजिक असमझदारीका कारण हुने तनाव ।
२.घरेलु हिंसा, लैङ्गिक भेदभाव, लाञ्छना र यौन दुर्व्यवहार विरुद्ध मनोपरामर्श ।
३.विभिन्न कारणले गर्दा हुने मानसिक चिन्ता, दिक्दारिपन र भावनात्मक समस्याको व्यवस्थापन ।
४.बालबालिका तथा किशोर किशोरीको व्यवहार र पढाईमा देखिने समस्या सम्बन्धी परामर्श ।
५. विदेशबाट फर्किएका व्यक्तिहरुमा ऋणको तनाव ।
६.परिवारको सदस्य टाढा हुँदा महसुस हुने एक्लोपन, उदासीपन र मानसिक आघातमा सहयोग ।
७.मनमा आउने निराशा र आत्महत्याको सोच वा प्रयास रोक्नका लागि विशेष परामर्श ।
पुनश्चः यो सेवा पुर्णत निशुल्क र गोप्य रहनेछ ।

२०८३।०१।२१
..................
प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्तिः
मनोपरामर्शकर्ताः कविता घिमिरे
कार्यालयः धर्मदेवी नगरपालिका, सङ्खुवासभा
सम्पर्क नं.-९८४३०५६६२३

प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner